# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, फागुन २९ गते २०५१ साल (संख्या ४७

## भाग ३

### सर्वोच्च अदालतको सूचना

**सर्वोच्च अदालत (तेश्रो संशोधन) नियमावली, २०५१**

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (तेश्रो संशोधन) नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ मा संशोधनः– सर्वोच्च अदालत नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः–

(छ) सर्वोच्च अदालतबाट किनारा भएका मुद्दा दोहोऱ्याई पाउँ भन्ने विषयमा सर्वोच्च अदालतमा विभिन्न मितिमा राजदरबारबाट प्राप्त हुन आएका विन्तीपत्रहरूमा दोहऱ्याउने निस्सा भएको मुद्दा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को,–

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः–

(१क) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा ८८ को उपधारा (१) अन्तर्गत परेका निवेदन पत्रहरूको प्रारम्भिक सुनवाई एक न्यायाधीशको इजलासबाट गरिनेछ ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः–

(२क) उपनियम (१) बमोजिम विशेष इजलासको विचाराधीन रहेको कुनै मुद्दामा समावेश भएको कुनै कानूनी प्रश्नमा भिन्न भिन्न संयुक्त, पूर्ण वा विशेष इजलासहरूबाट भिन्न भिन्न मुद्दाहरूमा भिन्न भिन्न निर्णयहरू भई एउटा निश्चित नजिर कायम हुन नसकेको देखिएमा वा कुनै कानूनको व्याख्या वा कुनै कानूनी सिद्धान्तको सम्बन्धमा पूर्ण इजलास र विशेष इजलास वा दुई विशेष इजलासको राय वा निर्णय भिन्न भिन्न हुन गएमा विशेष इजलासले सो मुद्दा बढी न्यायाधीशहरूको विशेष इजलासमा पेश गर्न आदेश दिन सक्नेछ ।

४. मूल नियमावलीमा नियम ५क. थपः– मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क. थपिएको छः–

५क. पेशी तारेख तोक्न सकिनेः कुनै इजलासलाई वा प्रधान न्यायाधीशलाई कुनै मुद्दा सार्वजनिक महत्वको वा विषय वस्तुको प्रकृतिबाट चाँडो निर्णय हुन आवश्यक छ भन्ने लागेमा सम्बन्धित इजलास वा प्रधान न्यायाधीशले त्यस्तो मुद्दामा पेशी तारेख तोकी मुद्दा पेश गर्न आदेश दिन सक्नेछ ।

५. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (२) मा रहेको "आदेश भएमा" भन्ने शब्दहरू पछि "निवेदक र" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

(३) पुनरावलोकन नहुने आदेश भएका मुद्दाहरूको मासिक विवरण अदालतको सूचना पाटीमा प्रकाशित गरिने छ र पुनरावलोकन गरी पाउँ भन्ने निवेदकहरूलाई तारेखमा राखिने छैन ।

६. मूल नियमावलीमा नियम ७क. थपः– मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः–

६३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७क. आफ्नो अधिकार क्षेत्रको मुद्दा अन्तिम रूपमा निर्णय गर्न:– (१) कुनै इजलास समक्ष पेश भएको कुनै मुद्दा यस नियमावली बमोजिम अन्य इजलासबाट हेरिनु पर्ने भएमा सो इजलासले सो कुरा उल्लेख गरी सो मुद्दा सम्बन्धित इजलासमा पेश गर्न आदेश दिन सक्नेछ ।

(२) यस नियमावली बमोजिम संयुक्त इजलासबाट पूर्ण इजलास वा विशेष इजलासमा पेश गर्न आदेश दिएको मुद्दामा:–

(क) संयुक्त इजलासबाट उठाइएको कानूनी प्रश्नमा निर्णय गर्न आवश्यक नदेखिएमा सोही कुरा उल्लेख गरी पूर्ण इजलास वा विशेष इजलासले सो मुद्दा संयुक्त इजलासमा पेश गर्न आदेश सहित फिर्ता पठाई दिन सक्नेछ ।

(ख) यस नियमावली अनुसार आफू समक्ष पेश भएको मुद्दामा पूर्ण इजलास वा विशेष इजलासले सो मुद्दा जुन प्रश्नको निर्णयको लागि पेश भएको हो सो प्रश्नको निर्णयको अतिरिक्त सो मुद्दामा बाँकी अन्य प्रश्न वा विषयमा समेत निर्णय गरी मुद्दा अन्तिम रूपमा किनारा गर्न सक्नेछ ।

आज्ञाले,
माधवदत्त भट्ट
सर्वोच्च अदालतको रजिष्टार

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५१।११।११ को निर्णयानुसार नेपाल कानून सुधार आयोगका सचिव श्री तीर्थमान शाक्यको सेवा अवधि मिति २०५१।१२।९ मा ३० वर्ष पुग्ने भएकोले मिति २०५१।१२।१० बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम दुई वर्षको सेवा अवधि थप गरिएको छ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५१।१०।१२ को निर्णयानुसार शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयका कायम मुकायम सचिव श्री खेमराज रेग्मीलाई कायम मुकायम विशिष्ट श्रेणीको पदमा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५१।१०।१२ को निर्णयानुसार पाठ्यक्रम विकास केन्द्रका राजपत्रांकित प्रथम श्रेणी (प्राविधिक) श्री लोकेन्द्रमान प्रधानलाई शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का.मु.सचिव

४३६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।